बैठक संख्याः ०३।२०८३

बैठक मितिः २०८३।०४।२९, समय दिनको १२:०० बजे

स्थानः रामधुनी नगरपालिका कार्यालयको सभाहल

आज मिति २०८३।०४।२९ गते शुक्रबार दिनको १२:०० बजे रामधुनी नगरपालिकाका नगर प्रमुख श्री शंकरलाल चौधरीज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

उपस्थितिः

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री शंकरलाल चौधरी | नगर प्रमुख (अध्यक्ष) | |
| २ | श्री तारा थापा | नगर उपप्रमुख | |
| ३ | श्री महेश कुमार चौधरी | वडाध्यक्ष (वडा नं. १) | |
| ४ | श्री राम नारायण चौधरी | वडाध्यक्ष (वडा नं. २) | |
| ५ | श्री बुध नारायण चौधरी | वडाध्यक्ष (वडा नं. ३) | |
| ६ | श्री कमल कार्की | वडाध्यक्ष (वडा नं. ४) | |
| ७ | श्री लेखनाथ वास्तोला | वडाध्यक्ष (वडा नं. ५) | |
| ८ | श्री शिवशंकर राजधामी | वडाध्यक्ष (वडा नं. ६) | |
| ९ | श्री केशब गौतम | वडाध्यक्ष (वडा नं. ७) | |
| १० | श्री सुरेन्द्र सिंह खवास | वडाध्यक्ष (वडा नं. ८) | |
| ११ | श्री घनश्याम चौधरी | वडाध्यक्ष (वडा नं. ९) | |
| १२ | श्री राजेन्द्र कुमार साह | कार्यपालिका सदस्य | |
| १३ | श्री सोम कुमारी सुनुवार | कार्यपालिकासदस्य | |
| १४ | श्री पुनम देवी वि.क. | कार्यपालिका सदस्य | |
| १५ | श्री शुशिला ढुंगाना | कार्यपालिकासदस्य | |
| १६ | श्री भगवती खड्का | कार्यपालिका सदस्य | |
| १७ | श्री सरिता परियार | कार्यपालिकासदस्य | |
| १८ | श्री कमली चौधरी मोची | कार्यपालिका सदस्य | |
| १९ | श्री पवित्रा कुमारी चौधरी | कार्यपालिकासदस्य | |
| २० | श्री तेज नारयण यादव | प्रमुखप्र शासकीय अधिकृत | |
| **आमन्त्रित** | | | |
| १ | श्री बिरेन्द्र सिग्देल | लेखा अधिकृत | |
| २ | श्री सरोज कोइराला | सुचना प्रबिधिक अधिकृत | |
| ३ | श्री मुना पोखेल | सहायक पाँचौ | |
| ४ | श्री रामभरोशी रौनियार | वडा सदस्य वडा नं.१ | |
| ५. | श्री वासुदेव भाम्की | वडा सदस्य वडा नं. -6 | |
| ६. | श्री सन्दीप कुमार | इन्जिनियर | |
| 7. | श्री सुदिप अड्डराउ | अधिकृत | |

बैठक संख्या: ३।२०८३-२०८४
बैठक मिति:२०८३।०४।२९ दिनको १२:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

**प्रस्तावहरु.**

१.प्रस्ताव नं. १: आ.ब. २०८३।०८४ को बजेट कार्यन्वयन सम्बन्धमा।

२.प्रस्ताव नं. २: विविध ।

**निर्णयहरु**

**निर्णय नं.१**

रामधुनी नगरपालिकाको आ.व. २०८३/०८४ को स्वीकृत बजेट तथा कार्यक्रम मिति २०८३।०५।०७ गतेदेखि योजना तथा कार्यक्रम सम्झौता गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं.२(क)**

रामधुनी नगर कार्यपालिकाको कार्यालय तथा मातहतका कार्यालयहरूमा सेवा करार तथा ज्यालादारीमा कार्यरत कर्मचारीहरूको हाल सम्म को म.ले.प. प्रतिवेदनमा असुलउपर गर्नुपर्ने भनी उल्लेख भएको रकम असुलउपर गरेपश्चात् मात्र निज कर्मचारीहरूको सेवा करार सम्झौता तथा डोर हाजिरीमा कामकाजमा लगाउने निर्णय गरियो।

**निर्णय नं.२(ख)**

रामधुनी नगर कार्यपालिकाको कार्यालय तथा मातहतका कार्यालयहरूमा सेवा करार तथा ज्यालादारीमा कार्यरत कर्मचारीहरूलाई आ.व. २०८३/०८४ को श्रावण महिनादेखि सेवा करारमा कार्यरत कर्मचारीहरूको हकमा नेपाल सरकारबाट स्वीकृत तलबमानमा १० प्रतिशत वृद्धि गरी तथा ज्यालादारीमा कार्यरत कर्मचारीहरूको हकमा स्वीकृत दररेट बमोजिम पारिश्रमिक उपलब्ध गराउने साथै स्थायी, अस्थायी र सेवा करारमा कार्यरत कर्मचारीहरूको हकमा समेत प्रोत्साहन भत्ता उपलब्ध गराउन आवश्यक सूचक (Indicators) तयार गरी सोहीबमोजिम प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं.२(ग)**

भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा भूमिहीन अव्यवस्थित बसोबासीहरूले हकदाबी गर्ने सम्बन्धी सूचना प्रकाशनको अवधिभित्र निवेदन दर्ता गर्न छुट भएका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूको निवेदन सम्बन्धित वडा कार्यालयमा लिई आवश्यक प्रक्रिया पूरा गरी जिल्ला भूमि समस्या समाधान समितिमा सिफारिस गर्ने निर्णय गरियो।

बैठक संख्या: ३।२०८३-२०८४
बैठक मिति:२०८३।०४।२९ दिनको १२:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

निर्णय नं.२(घ)

झुम्का आधारभूत अस्पताल तथा मातहतका स्वास्थ्य संस्थाहरूका लागि आवश्यक अत्यावश्यक औषधी, स्वास्थ्य सामग्री तथा उपकरण, ल्याब सामग्री एवं डेन्टल सेटअपका सामग्रीहरू तत्काल खरिद गर्न खरिद प्रक्रिया अगाडि बढाउन स्वास्थ्य शाखालाई निर्देशन दिने निर्णय गरियो।